जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

*कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।*

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिराहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १७२ पृष्ठः ४ | २०८२ कार्तिक १२ बुधबार (Wednesday 29 Oct. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## कुटपिटबाट महिलाको मृत्यु, चारजना प्रहरी नियन्त्रणमा



**मणिलाल विश्वकर्मा**

लहान, ११ कार्तिक। सिराहाको लहान नगरपालिका- ५, खुट्टीपारी पर्तीटोलमा पसलको सामान चोरेको विषयमा गुनासो गर्दा भएको कुटपिटमा एक महिलाको मृत्यु भएको छ। स्थानीय मो. सदिक मियाँकी श्रीमती करिब ५० वर्षीया नुरजहाँ खातुनको कुटपिटबाट ज्यान गएको हो। कुटपिटबाट गम्भीर घाइते भएपछि उपचारका लागि अस्पताल पुर्‍याइएको भए पनि चिकित्सकले उनलाई मृत घोषणा गरेको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय सिराहाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालका अनुसार मंगलबार बिहान भएको कुटपिटमा घाइते भएकी खातुनलाई तत्काल स्थानीयले उद्धार गरी लहानस्थित रामकुमार शारदा उमाप्रसाद मुरारका प्रादेशिक अस्पताल पुर्‍याएको भए पनि चिकित्सकले मृत घोषणा गरेका हुन्। मृतकको शव पोस्टमार्टमका लागि धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइएको उनले बताए। उनका अनुसार प्रहरीले कुटपिटको घटनामा संलग्न रहेको आरोपमा अनुसन्धानका लागि तीन महिलासहित चारजनालाई नियन्त्रणमा लिएको छ।

'मृतक परिवारले कुटपिटको घटनामा संलग्न रहेका पाँचजनाविरुद्ध किटानी जाहेरी दिएको छ,' उनले भने, 'किटानी जाहेरीमा नाम रहेका चारजनालाई नियन्त्रणमा लिइएको छ, एकजना पुरुष फरार रहेकाले खोजी भइरहेको छ।' स्थानीयका अनुसार मृतक महिलाले खुट्टी खोला किनारस्थित छठ पूजाको घाटनजिक थापेको खुद्रे किराना पसलबाट मंगलबार बिहान स्थानीय एक युवकले सामान चोरेको विषयमा उनको हजुरबालाई गुनासो गर्न जाँदा 'मेरो नातिलाई चोरको आरोप लगाउने' भन्दै निर्घात कुटपिट गरेका थिए।

## ठगीको आरोपमा एक जना पक्राउ

**देवराम यादव**

सप्तरी, ११ कार्तिक। प्रहरीले ठगी गरेको आरोपमा एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा मोरङ विराटनगर महानगरपालिका-१६ निवासी २७ वर्षीय अभिनन्द कुमार यादव रहेका छन्। सप्तरीमा भएका विभिन्न अनलाइन ठगी घटनामा संलग्न भएको आरोपमा प्रहरीले यादवलाई पक्राउ गरेको हो।

यादवले विभिन्न स्थानमा रहेका व्यक्तिहरूलाई फोन गरी उनीहरूको छोराछोरी अपहरणमा परेको, विदेशमा करणी मुद्दामा फसेको जस्ता निहुँ बनाई डर त्रास देखाएर १४ लाख ४० हजार रकम ठगी गर्दै आएको पाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

२०८० माघ ६ गते मन्जु देवी शारदालाई फोन गरी छोरा अपहरणमा परेको भन्दै १२ लाख ८० हजार रुपियाँ विभिन्न बैंक खातामा जम्मा गराएर ठगी गरेको उजुरी उनीमाथि परेको थियो। त्यस्तै माघ ८ गते राजकुमारी देवीलाई पनि छोरा मलेसियामा फसेको भन्दै ६० हजार पठाउन लगाएको र थप रकम माग गरेको खुलेको प्रहरीले जनाएको छ।

यसैगरी, मुकेश कुमार सिंहका

–बाँकी दुई पेजमा

## नीतिगत भ्रष्टाचारकै कारण विकास अवरुद्ध बन्यो : मन्त्री गुप्ता




सिरहा, ११ कार्तिक। युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ताले देशमा मौलाएको नीतिगत भ्रष्टाचारकै कारण विकासका काम अघि बढ्न नसकेको बताएका छन्। गृहजिल्ला सिरहाको भ्रमणको क्रममा जेनजी समूह लहानले आयोजना गरेको सम्मान तथा भेटघाट कार्यक्रममा उनले देशभर नीतिगत भ्रष्टाचार व्यापक बनेको र त्यसकै परिणामस्वरूप जनतामा असन्तुष्टि र विद्रोहको भावना बढ्दै गएको बताए।

'शिक्षा, स्वास्थ्य, खेलकुदलगायत सबै क्षेत्रको उचित विकास नहुनुको मूल कारण नीतिगत भ्रष्टाचार नै हो,' मन्त्री गुप्ताले भने, 'यही भ्रष्टाचारको अन्त्यका लागि भएको जेनजी आन्दोलनमा युवाहरूले बलिदान दिनुपर्ने स्थिति आयो।' उनले जेनजी आन्दोलनलाई पनि भ्रष्टाचारको अन्त्य र रोजगारी सिर्जनाका मागमा केन्द्रित जनआन्दोलनको रूपमा व्याख्या गरे। 'यो आन्दोलनले युवाको आवाज र चाहना स्पष्ट रूपमा देखाएको छ,' उनले भने, 'अब सरकारले युवाको सोच र आकांक्षाअनुसार नीति बनाउनुपर्छ।'

मन्त्री गुप्ताले लहानमा रहेको खेलकुद क्षेत्रका पुराना विवाद र नीतिगत अनियमितताको विषयमा पनि चर्चा गरे। उनले बलान पुल नजिकको लहान खेलकुदको सात बिघा पाँच कठ्ठा १७ धुर जग्गाको उचित मूल्य नउठेको र त्यसमा पनि नीतिगत भ्रष्टाचार भएको बताए। 'यो प्रकरणको फाइल म आफैंले खोजी गरिरहेको छु,' उनले भने।



GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## मधुमेह (डायबिटिज) रोगबाट बचौं।

**मधुमेहले,**
- शरीरका विभिन्न अंगमा क्षति पुर्‍याउने,
- मुटु र मिर्गौलाले काम नगर्ने,
- अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउन सक्छ।

**त्यसैले मधुमेहबाट बच्न,**
- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य परिकार कम खाऔं,
- जङ्कफुड तथा तारेका, भुटेका पदार्थहरु नखाऔं,
- धुम्रपान, मद्यपान नगरौं, नियमित व्यायाम गरौं,
- रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाऔं,
- प्रशोधित खानाहरु नखाऔं,
- तनाव व्यवस्थापन गरौं,
- नियमित स्वास्थ्य परीक्षण गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## भ्रष्टाचारविरोधी आन्दोलनबाट आएका मन्त्रीहरूकै सम्पत्ति विवरण गोप्य !

'जेन–जी' आन्दोलन मूलतः भ्रष्टाचारविरुद्ध र सुशासनको पक्षमा केन्द्रित थियो। जेन–जीका घोषित माग शासन व्यवस्था परिवर्तन नभएर भ्रष्टाचार नियन्त्रण थियो। शासन र शासकीय पात्रहरूलाई जवाफदेही र पारदर्शी बनाउने उद्देश्यसहित तिनले आन्दोलन अघि बढाएका थिए। तर, आन्दोलन हिंसात्मक र तोडफोड–आगजनीमा परिणत भएपछि झन्डै दुई तिहाइ नजिकको बहुमत प्राप्त निर्वाचित सरकार ढल्यो। यही पृष्ठभूमिमा गत भदौ २७ गते पूर्वप्रधान न्यायधीश सुशीला कार्की प्रधानमन्त्री नियुक्त भइन्। उनको नेतृत्वको सरकारले आज ४७ दिन पूरा गरिसकेको छ। यसबीचमा भदौ ३०, असोज ६ र कात्तिक ९ गते क्रमशः मन्त्रीहरू थपिएका छन्। यद्यपि मन्त्रिपरिषद् अझै अपूर्ण नै देखिन्छ। यथार्गमा, 'जेन–जी'को चाहना 'स्वच्छ छवि' भएको सरकार हो। अर्थात्, उनीहरूको माग सत्ता कब्जा नभएर सुशासन र भ्रष्टाचार न्यूनीकरण नै थियो। त्यसका लागि पहिलो कडी नै सरकारमा रहेका प्रधानमन्त्री, मन्त्री तथा राजनीतिक नियुक्तिका सल्लाहकारहरूको सम्पत्ति विवरण सार्वजनिक गर्नु हो।

'जेन–जी' पुस्ताको सार्वभौम भावना बोकेको सरकारले आफूलाई स्वच्छ, सफा र पारदर्शी साबित गर्नु पहिलो दायित्व हो। तर, भ्रष्टाचारविरोधी आन्दोलनकै जगमा बनेको यस सरकारका प्रधानमन्त्री र मन्त्रीहरूले सम्पत्ति विवरण सार्वजनिक गर्न जसरी अलमल गर्दैछन् त्यसले सरकारप्रति नकारात्मक टिप्पणी र अविश्वास बढाउँदैछ। यसले अपेक्षा र व्यवहारबीचको दूरी बढ्दै गएको देखाउँछ। सरकारले जवाफदेही र पारदर्शी शासन यात्रामा हिँडेको आभास दिन नसकेपछि नकारात्मक प्रश्न उठ्नु स्वाभाविकै हो। कात्तिक ९ गते थपिएका मन्त्रीहरूलाई सम्पत्ति विवरण सार्वजनिक गर्न केही दिन लाग्न सक्छ तर भदौ–असोजमै मन्त्री बनेकाहरूले त आफ्नो 'जग' सम्झनुपर्ने थियो। भ्रष्टाचार निवारण ऐनमा "सार्वजनिक पद धारण गरेको व्यक्तिले त्यस्तो पद ग्रहण गरेको मितिले ६० दिनभित्र आफ्नो वा परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सासहितको अद्यावधिक विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारी समक्ष पेस गर्नुपर्नेछ।" भन्ने प्रावधान छ। अर्थात्, कानुनअनुसार सम्पत्ति विवरण बुझाउनुपर्ने भए पनि सार्वजनिक गर्नु 'अनिवार्य' छैन। तर, मन्त्रिपरिषद्ले नै निर्णय गरी सम्पत्ति विवरण सार्वजनिक गर्ने परम्परा स्थापित भइसकेको छ।

हुन पनि, कानुनी बाध्यताभन्दा राजनीतिक परम्परा र प्रचलन महत्त्वपूर्ण मानिन्छ। संसदीय व्यवस्था पुनःस्थापनासँगै चौँतीस वर्षअघि नै प्रधानमन्त्री, मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक गर्ने नीतिगत निर्णय मन्त्रिपरिषद्बाटै भएको थियो भने अहिलेसम्म खारेज भएको छैन। जननिर्वाचित सरकारले २०४८ जेठमा पहिलो निर्णय लियो, '१५ दिनभित्र मन्त्रिपरिषद् सदस्यहरूको सम्पत्ति विवरण सार्वजनिक गर्ने।' अझ २०५१ मसिरमा निर्मित नेकपा (एमाले)को अल्पमत सरकारले पूर्ववर्ती नेपाली कांग्रेसको सरकारलाई उछिन्दै दिँदै गठन भएको सातै दिनभित्र सम्पत्ति विवरण सार्वजनिक गरेको थियो।

पञ्चायतकालभर प्रधानमन्त्री, मन्त्रीहरूको सम्पत्ति विवरण जान्न नपाएका नागरिकका लागि त्यो 'ऐतिहासिक निर्णय' ठहरिएको थियो। संसदीय व्यवस्थाको प्रारम्भिक चरणमा यो निर्णयलाई कर्तव्य ठानियो। तर पछि बन्ने सरकारका सदस्यहरूले भने दबाब परेपछि मात्रै सार्वजनिक गर्ने खराब उदाहरण पनि देखाएका थिए। विगतमा अपवादबाहेक प्रायः सम्पत्ति विवरण सार्वजनिक हुँदै आएको छ। भ्रष्टाचार विरोधी छवि भएकी प्रधानमन्त्री कार्कीको सरकारका सदस्यहरू सम्पत्ति विवरण सार्वजनिक गर्न किन हिचकिचाएका हुन् ? स्वच्छ भनिएका पात्रहरू सम्पत्ति सार्वजनिक गर्न डराउनुको अर्थ के हो ? सम्पत्ति विवरण पारदर्शी गरेमा भ्रष्ट कमाइ लुकाउन गाह्रो हुन्छ भन्ने मान्यता प्रचलित छ। जेन–जी' आनेदोलनको बलमा बनेको सरकारले त उल्टै पुराना नजिरहरूलाई उछिन्नुपर्ने थियो। धेरैलाई लागेको पनि थियो यस सरकारका सदस्यहरूले शपथ लिएकै दिन सम्पत्ति विवरण सार्वजनिक गर्नेछन्। त्यसो गरेको भए भोलिका सरकारका लागि नयाँ 'नजिर' बन्थ्यो।

अझ पूर्वप्रधानन्यायाधीश नै प्रधानमन्त्री हुनु र पूर्वन्यायाधीश मन्त्रीमा सामेल हुँदा 'नजिर'को अर्थ राम्रैसँग बुझ्थे। शपथसँगै सम्पत्ति विवरण सार्वजनिक गरिएको भए, संसदीय इतिहासकै कडा र स्वच्छ परम्परा बस्ने थियो। दुर्भाग्य, यो अन्तरिम सरकारले त्यो अवसर गुमायो। अब पनि धेरैको चाहना छ अन्तरिम सरकारका सदस्यहरूले 'गोप्यता' तिर मोह देखाउनुको साटो पारदर्शिता अपनाउन्। किनभने सैद्धान्तिकरूपमा पनि पारदर्शिता नै जवाफदेही बढाउने र भ्रष्टाचार घटाउने मूल स्तम्भ हो। लोकतन्त्रमा शासन पारदर्शी हुनु अपरिहार्य हुन्छ। पारदर्शिताले सरकारप्रति नागरिकको विश्वास र आस्था दुवै बढाउँछ। त्यसमा सरकार नचुक्ने विश्वास दिलाओस्।

# शिक्षा क्षेत्रको राजनीतिक प्रदूषण र गहिरिँदो संकट



डम्मर सिंह साउद

नेपाल आज एउटा यस्तो मोडमा उभिएको छ, जहाँ राजनीतिक अस्थिरता, भ्रष्टाचार, अन्याय र विभेदले समाजका प्रत्येक तहलाई सङ्क्रमित बनाइसकेको छ। देशको राजनीति, प्रशासन, न्याय, चिकित्सा, प्रहरी, सेना, मिडिया र विशेषगरी शिक्षा क्षेत्र– सबैतिर राजनीतिक हस्तक्षेप, भागबण्डा, अन्याय, असमानता र अराजकताले जरा गाडेको छ। यसको मूल कारण देशको मेरुदण्ड मानिने शिक्षा क्षेत्रमा भएको चरम राजनीतिक हस्तक्षेप र भागबण्डाको संस्कृति नै हो। जब शिक्षा नै अस्वस्थ, प्रदूषित र दास मानसिकताबाट ग्रसित हुन्छ, तब त्यसले योग्य, इमान्दार र विवेकी नागरिक होइन, केवल अवसरवादी जनशक्ति उत्पादन गर्छ। यही जनशक्ति पछि देशका प्रत्येक निकायमा पुगेर विकृति दोहोऱ्याउँछ र परिणामस्वरूप सिंगो राष्ट्र पतनको दिशातर्फ धकेलिन्छ।

**शैक्षिक संस्थाहरू राजनीतिक प्रयोगशालामा**

विगत केही दशकदेखि विश्वविद्यालय र विद्यालयहरू राजनीतिक दलहरूको प्रयोगशालामा परिणत भएका छन्। विद्यार्थी संगठनदेखि प्राध्यापक संघ, कर्मचारी संघ, सबै कुनै न कुनै राजनीतिक दलको छातामुनि सञ्चालित छन्। योग्यता र क्षमताभन्दा बढी मूल्य राजनीतिक निष्ठा र पहुँचले पाउँछ। प्राध्यापक बन्ने, विभिन्न पदाधिकारीको जिम्मेवारी पाउने, क्याम्पस प्रमुख वा डीन हुने, प्रशासनिक पद पाउने, यी सबै निर्णय भागबण्डा र सिफारिसको आधारमा हुने गर्छ।

यसले शिक्षा प्रणालीको आत्मा नै मारेको छ। यसले योग्य, विचारशील, राष्ट्रप्रेमी र दूरदर्शी व्यक्तिहरूलाई पछाडि धकेलेर केवल दलको जयजयकार गर्नेहरूको वर्चस्व स्थापित गरिदिएको छ। शिक्षा क्षेत्रमा यस्तो राजनीतिक नियन्त्रणको परिणाम केवल संस्थागत नैतिक पतन होइन, यो राष्ट्रिय चरित्रको क्षयीकरण हो। विद्यालय र विश्वविद्यालयबाटै दास मानसिकता, अवसरवाद, र बेइमानी सिकेर निस्केका जनशक्तिहरू नै पछि देशका राजनीति, प्रशासन, कानुन, न्यायालय र अन्य क्षेत्रमा पुगेर त्यही प्रवृत्तिलाई पुनःस्थापित गर्छन्। फलस्वरूप आज नेपालमा सुशासन, समानता, र न्याय केवल नारामा सीमित बनेका छन्। असल नागरिकहरू किनारामा छन्, र असक्षम तर पहुँचवाला व्यक्तिहरू सत्ताको केन्द्रमा छन्।

**चेतनाको आन्दोलनमा घुसपैठ**

देशको वर्तमान राजनीतिक अवस्था त्यसैको प्रतिबिम्ब हो। जनताले दशकौँसम्म भ्रष्ट शासन र बेइमान नेतृत्वबाट निराश भएर आक्रोश पोख्दा 'जेनजी आन्दोलन' जस्ता चेतनाको स्वरूप जन्मिए। युवाहरूले परिवर्तनको माग गरे, न्याय, सुशासन र योग्यता प्रणालीको स्थापनाको आवाज उठाए। तर दुर्भाग्यवश, त्यही आन्दोलनमा पनि विभिन्न दलका स्वार्थी तत्व र दास मानसिकता भएका व्यक्तिहरूले घुसपैठ गरे। आन्दोलनको वास्तविक मर्म, सुधार र सुशासनको आवाज, विकृत पारियो। देशको सम्पत्ति तोडफोड भयो, निर्दोष विद्यार्थीको रगत बग्यो, तर राजनीतिक दासहरूले फेरि पनि भ्रम छर्दै त्यसैको फाइदा उठाएर सत्ता र पदको खेल खेल्न सुरु गरिसकेको देखिन्छ।

शिक्षा र चेतनाको जग कमजोर पारेर कुनै पनि देश टिक्न सक्दैन। शिक्षालयहरू विचार, विवेक र नैतिकताको केन्द्र हुनुपर्ने हो, तर नेपालमा तिनीहरू राजनीतिक गुटबन्दी र चाकरीको केन्द्र बनेका छन्। कतिपय प्राध्यापक, कर्मचारी र विद्यार्थीहरू अझै पनि अन्धभक्त भएर आफ्नो दलको जयजयकार गर्दै नेताको रक्षा र चाकरीमा व्यस्त छन्। यस्तो व्यवहारले शिक्षकको नैतिक उचाइ मात्र घटाएको छैन, शिक्षण पेसामाथि जनताको विश्वास पनि तोडेको छ। असल र इमान्दार विद्यार्थीहरूले आफ्ना शिक्षकलाई विवेकी मार्गदर्शक होइन, दलका प्रचारकका रूपमा देख्न थालेका छन्।

अझ दुःखद कुरा, केही प्राध्यापक, कर्मचारी र विद्यार्थीहरूले आन्दोलनको समयमा आफ्नो राजनीतिक संगठन परित्याग गरेको घोषणा गरे पनि परिस्थिति सामान्य बन्दै जाँदा पुनः अन्धभक्त भएर आफ्नै दलमा फर्किए। यो व्यवहार उनीहरूको नैतिक कमजोरीको प्रमाण हो। यसले दर्साउँछ कि हाम्रा शिक्षित वर्गहरू पनि स्वतन्त्र सोच र विवेकभन्दा बढी सत्ता र पहुँचप्रति आकर्षित छन्। यस्तो प्रवृत्तिले देशको नैतिक नेतृत्वलाई कमजोर पारिरहेको छ।

**समाधानः शिक्षाको शुद्धीकरण**

समस्या केवल केही व्यक्तिमा होइन, यो प्रणाली (सिस्टम) मै निहित छ। जब शिक्षक, विद्यार्थी र कर्मचारीहरू राजनीतिक रूपमा विभाजित हुन्छन्, तब शिक्षा स्वतन्त्र रहन सक्दैन। शिक्षालयहरू पार्टीका खेलमैदान बन्छन्, पाठ्यक्रम र मूल्यांकन प्रणाली पक्षपातपूर्ण बन्छ, र अनुसन्धान पनि नेताको मनपरीमा निर्भर हुन्छ। यसरी शिक्षा कमजोर भएपछि अन्य सबै क्षेत्र स्वतः पतनको दिशामा लाग्छन्।

अब प्रश्न उठ्छ, उपाय के हो? समाधान कहाँबाट सुरु गर्ने? यसको उत्तर पनि शिक्षा क्षेत्रमै निहित छ। देशमा सुशासन, न्याय, समानता र समृद्धिको आधार निर्माण गर्न सबैभन्दा पहिले शिक्षा क्षेत्र सुधार गर्नुपर्छ। यसका लागि केही ठोस कदम आवश्यक छन्:

**१. राजनीतिक हस्तक्षेप अन्त्यः**

शिक्षण संस्थाहरूबाट राजनीतिक दलको प्रत्यक्ष हस्तक्षेप समाप्त गर्नुपर्छ। कुनै पनि शिक्षक, विद्यार्थी वा कर्मचारी संगठन कुनै दलसँग आबद्ध हुन नपाउने व्यवस्था कानुनी रूपमा सुनिश्चित गर्नुपर्छ। हरेक क्षेत्रबाट राजनीतिक दल निकटका संघ संगठनहरू कानुन संशोधन गरेर खारेज गर्नुपर्छ र पेसागत हकहितका लागि एकमात्र स्वतन्त्र तथा निष्पक्ष पेसागत संगठनको व्यवस्था गर्नुपर्छ। विश्वविद्यालयहरूमा नियुक्ति, पदोन्नति र जिम्मेवारी योग्यता, अनुभव र पारदर्शी प्रतिस्पर्धाको आधारमा हुनुपर्छ।

**२. आत्ममूल्यांकनः**

शिक्षक र प्राध्यापकहरूले आत्ममूल्यांकन र आत्मालोचना गर्न आवश्यक छ। विगतमा गरिएका गल्तीहरू स्वीकार गर्दै आफ्नो विवेक पुनर्जागृत गर्नुपर्छ। शिक्षण पेसा केवल रोजगारी होइन, राष्ट्र निर्माणको दायित्व हो भन्ने चेतना जगाउन जरुरी छ।

**३. स्वतन्त्र आन्दोलनको संस्कृतिः**

शिक्षक र विद्यार्थी दुवैले स्वतन्त्र सोच र नैतिकतामा आधारित आन्दोलनको संस्कृति पुनर्जीवित गर्नुपर्छ। राजनीतिक नेताको निर्देशनमा होइन, विवेकको आधारमा बोल्ने र निर्णय गर्ने संस्कार बनाउनुपर्छ।

**४. पारदर्शिता र जवाफदेहिताः**

शिक्षा प्रणालीमा पारदर्शिता र जवाफदेहिताको अभ्यास अनिवार्य हुनुपर्छ। पाठ्यक्रमदेखि परीक्षा प्रणाली र नियुक्ति प्रक्रिया सबैमा निगरानी र समीक्षा संयन्त्र स्थापना गर्नुपर्छ। त्यस्तै, नागरिक स्तरमा इमानदारी र विवेकको पुनर्जागरण हुनुपर्छ। शिक्षक, विद्यार्थी, अभिभावक र नीति निर्माता सबैले आफ्नो भूमिका इमानदारीपूर्वक निर्वाह गर्नुपर्छ। जबसम्म हामीले गलतको विरोध गर्ने साहस र सत्यको पक्षमा उभिने आँट गर्दैनौँ, तबसम्म परिवर्तन सम्भव हुँदैन।

**निष्कर्ष**

नेपालमा आजको संकट केवल शासन परिवर्तनको माग होइन, यो सोच र चरित्रको पुनर्जागरणको माग हो। यो समय आत्मसुधारको हो, पहिले शिक्षक, त्यसपछि विद्यार्थी, अनि समाज र राष्ट्र। यदि शिक्षित वर्गले नै विवेक गुमायो भने देश कहिल्यै सुशासन र समृद्धिको मार्गमा अघि बढ्न सक्दैन।

देशको मुक्ति बाह्य शक्तिबाट होइन, आफ्नै चेतना, विवेक र इमानदारीबाट हुनेछ। जब शिक्षालयहरू पुनः विचार र नैतिकताको केन्द्र बन्छन्, जब शिक्षकहरू पुनः गुरु बन्ने साहस गर्छन्, तब मात्र नेपालले सुशासन, समानता र समृद्धिको नयाँ अध्याय सुरु गर्न सक्छ।

नेपाल पुनर्जागरणको बाटो शिक्षाको शुद्धीकरणबाट सुरु हुन्छ। जब शिक्षण पेसा पुनः निष्पक्ष, विवेकी र स्वच्छ बनाइन्छ, तब मात्र हाम्रा विद्यालय र विश्वविद्यालयले असल नागरिक उत्पादन गर्न सक्छन्। र जब असल नागरिक जन्मिन्छन्, तब मात्रै राष्ट्र असल हुन्छ त्यसैले अब शिक्षा सुधारलाई नै राष्ट्र सुधारको पहिलो कदम मान्दै, सबै शिक्षक, प्राध्यापक, विद्यार्थी र नागरिकहरू एकजुट भएर विवेक र इमानदारीको अभियान आरम्भ गर्नुपर्छ। यही बाटोले नेपाललाई उज्यालो भविष्यतर्फ लैजानेछ। (उपप्राध्यापक, दार्चुला बहुमुखी क्याम्पस, सुदूरपश्चिम विश्वविद्यालय) रातोपाटीबाट

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

## ठगीको आरोपमा...

बुवालाई छोरा अपहरणको आरोपमा पक्राउ परेको भन्दै १ लाख जम्मा गर्न लगाएको उजुरी परेको थियो। यी सबै घटनाहरूको अनुसन्धानको क्रममा फरार रहेका अभियुक्त यादवलाई प्रहरीले कात्तिक ८ गते बिहान १:३० बजे विराटनगरस्थित उहाँको घरबाट पक्राउ गरेको बताइएको छ।

पक्राउ परेका यादवलाई आवश्यक अनुसन्धानका लागि जिल्ला अदालत सप्तरीमा पेश गरेको र अन्य संलग्न व्यक्तिहरूको खोजी कार्य जारी रहेको सप्तरीका प्रहरी प्रवक्ता प्रहरी नायबत्र उपरीक्षक डम्बर बहादुर पुरीकाले बताउनुभयो।

जिल्ला प्रहरी कार्यालय सप्तरीद्वारा जारी प्रेस विज्ञप्तिमा पछिल्ला दिनमा यस्ता किसिमका अनलाइन ठगीका घटना बढ्दै गएकाले नागरिकहरूलाई अज्ञात व्यक्तिबाट आएका फोन कल वा म्यासेजमा विश्वास नगरी सावधानी अपनाउन समेत आग्रह गरिएको जनाएको छ।

# पदयात्रामा हुनुहुन्छ ? मौसम बदली भए के गर्ने, के नगर्ने ?

मौसम बदली भएको यो बेला कतिपय पदयात्रामा हुनुहुन्छ। हिमाली तथा उच्च पहाडी क्षेत्रमा पदयात्रामा जानेलाई हतार नगर्न, गन्तव्यमा पुग्नका लागि छिटो नहिँड्न विज्ञको सल्लाह छ। मौसम बदली भयो भन्दै गन्तव्यमा छिटो पुग्ने हतारो नगर्न जनस्वास्थ्यविद् डा. अरुणा उप्रेतीले सुझाव दिनुभएको छ। उच्च क्षेत्रमा जानेलाई अक्सिजनको कमी भई स्वाँस्वाँ हुने भएकाले बिस्तारै हिँड्नुपर्ने उहाँ बताउनुहुन्छ।

सबैभन्दा महत्वपूर्ण कुरा पदयात्रामा जानेले आफ्नो स्वास्थ्य र रोगबारे राम्रो जानकार भई त्यही अनुसारको आवश्यक प्राथमिक उपचार सामग्री लिएर हिँड्न जनस्वास्थ्यविद् उप्रेतीले सुझाव दिनुभएको छ। हतारो गर्दा हिँड्दा लड्ने, चिप्लिने, खुट्टा मर्किने सम्भावना हुन्छ र जताततै उपचारका लागि स्वास्थ्य केन्द्र वा सेवा उपलब्ध नहुन पनि सक्छ। यो बेला अनिवार्य प्राथमिक उपचार बाकस लैजानुपर्ने उहाँको भनाइ छ।



पदयात्रामा जाने बेला भोक लाग्ने भएकाले क्यालोरी भएको हल्का खानेकुराहरू– काजु, बदाम, चिउरा, भटमासलगायत पनि साथमा लैजानुपर्छ। साथै पानी प्रशस्त मात्रामा पिउनुर्पर्छ। तातोपानी, दाल, सुप, अदुवा पानी, कागती पानीलगायतका तरल पदार्थ खाइरहनुपर्छ। तर जाडो लाग्यो भनेर जाँड–रक्सी भने पटक्कै खान नहुने सल्लाह डा. उप्रेतीको छ। यसले तत्काल तातो बनाए पनि पदयात्रामा हिडिरहँदा चिसोले बेहोश हुने र कोहीको त ज्यानैसमेत जान सक्छ। फापर/कोदोको सुप, रोटी, दाल, भात, तरकारी, लसुनको अचारजस्ता खानेकुरामा सूक्ष्म लवण तत्त्व र रोगसँग लड्ने क्षमता हुने भएकाले यसले फाइदा गर्ने उहाँ बताउनुहुन्छ।

पदयात्रामा जादाँ हिउँ परेमा पक्कै हिउँमा खेल्न मन लाग्छ। तर शरीरमा चिसो नपस्ने तातो जुत्ता यो बेला आवश्यक हुन्छ। केही गरी मोजा भिजेर खुट्टा चिसो भएमा तत्काल तातो बनाइहाल्नुपर्ने हुन्छ। शरीरमा खुट्टा र टाउकोबाट चिसो पस्ने भएकाले न्यानो पार्नुपर्छ। शरीरमा तातो बाक्लो लुगाभन्दा पनि तह तहका लुगा र सबैभन्दा भित्र सुतीका लुगा लगाउनुपर्नेमा डा. उप्रेतीको जोड छ।

जाडो छ भनेर धेरैले सुत्दा हिटर वा मकलमा आगो बालेर नै छोड्ने गर्छन् र झ्याल ढोका बन्द गरेर सुत्ने गर्छन्। यसले निस्सासिएर ज्यान जाने जोखिम हुन्छ। त्यसैले सकेसम्म सुत्ने बेला हिटर वा मकलको आगो निभाएर मात्र सुत्न डा. अरुणा उप्रेतीले आग्रह गर्नुभएको छ। (जनस्वास्थ्यविद् डा. अरुणा उप्रेतीसँगको कुराकानीमा आधारित)

# ओली, लेखकको विदेश भ्रमण रोक्ने निर्णयविरुद्ध सर्वोच्चमा रिट



काठमाडौं, ११ कार्तिक। सरकारले पूर्वप्रधानमन्त्री केपी शर्मा ओली, पूर्वगृहमन्त्री रमेश लेखक लगायतका व्यक्तिहरूको विदेश भ्रमण र काठमाडौं उपत्यका बाहिरको आवतजावतमा समेत रोक लगाउने निर्णय गरेपछि उक्त निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट परेको छ।

अधिवक्ता डा. प्रेमराज सिलवालले मंगलबार दायर गरेको रिटमा उक्त निर्णय गैरकानुनी भएको भन्दै खारेज गर्न र तत्काल कार्यान्वयन नगर्न/नगराउन अन्तरिम आदेशको माग गरिएको छ। गत भदौ २३ र २४ गते भएको जेन–जी आन्दोलनका क्रममा भएको आगजनी, हिंसा र लुटपाटको घटना छानबिन गर्न गठित 'भदौ २३ र २४ को घटना सम्बन्धी जाँचबुझ आयोग' को सिफारिसमा सरकारले उक्त निर्णय लिएको रिटमा उल्लेख छ।

आयोगको २०८२ असोज १२ गतेको निर्णय र प्रेस विज्ञप्तिअनुसार पूर्वप्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी शर्मा ओली, पूर्वगृहमन्त्री तथा कांग्रेस नेता रमेश लेखक, पूर्व गृहसचिव गोकर्णमणि दुवाडी, पूर्व राष्ट्रिय अनुसन्धान प्रमुख हुतराज थापा र पूर्व प्रमुख जिल्ला अधिकारी छविलाल रिजाललाई विदेश भ्रमणमा रोक लगाउन र पासपोर्ट रोक्का गर्न सरकारले प्रक्रिया अघि बढाएको थियो।

रिट निवेदनमा सरकारको उक्त निर्णयले व्यक्तिहरूको सम्मानपूर्वक बाँच्न पाउने अधिकार, अन्तर्राष्ट्रिय कानुन, नेपालको संविधान र फौजदारी कानुनको आधारभूत मान्यताविपरीत भएको जिकिर गरिएको छ। 'सरकार र उक्त आयोगको निर्णय राजनीतिक पूर्वाग्रह साँधेर गरिएको छ, सो निर्णयले कानुन, कानुनी मान्यता र फौजदारी कानुनको आधारभूत प्रबन्ध तथा मान्यताविपरीत कार्य गरेको छ,' रिटमा भनिएको छ।

निवेदकले सरकारको निर्णयले संविधानको धारा १६ ( सम्मानपूर्वक बाँच्न पाउने हक), धारा १७ (स्वतन्त्रताको हक), धारा १८ (समानताको हक) र धारा १९ (सञ्चारको हक) ले प्रत्याभूत गरेको मौलिक हकको उल्लंघन भएको दाबी गरेका छन्।

रिटमा भनिएको छ, 'कुनै पनि व्यक्तिलाई विना हातहतियार शान्तिपूर्वक भेला हुने, राजनीतिक दल खोल्ने, संघसंस्था खोल्ने र देशको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रता छ। तर, सरकारको निर्णयले यी सबै अधिकारमाथि हस्तक्षेप गरेको छ।' रिटमा नेपाल संयुक्त राष्ट्रसंघको सदस्य भएको र मानव अधिकारसम्बन्धी विभिन्न महासन्धिमा हस्ताक्षर गरेको स्मरण गराउँदै सरकारको कदम अन्तर्राष्ट्रिय कानुनको समेत विरुद्धमा रहेको तर्क गरिएको छ।

अधिवक्ता सिलवालले उत्प्रेषणको आदेशमार्फत उक्त सरकारी निर्णय र त्यससँग सम्बन्धित पत्रहरू खारेज गर्न र भविष्यमा कसैलाई पनि यसरी गैरकानुनी रूपमा रोक नलगाउन परमादेश जारी गर्न माग गरेका छन्।

# देशभरका अदालतमा तोडफोड गर्नेविरुद्ध प्रहरीमा जाहेरी दिने सर्वोच्च 'फुल कोर्ट' को निर्णय

काठमाडौं, ११ कार्तिक। सर्वोच्च अदालतका सबै न्यायाधीशको पूर्ण बैठक अर्थात् 'फूल कोर्ट' ले देशभरका अदालतमा भएको तोडफोड र क्षतिमा संलग्नहरूलाई कारबाहीको माग गरी प्रहरीमा जाहेरी दिने निर्णय गरेको छ। मंगलबार बसेको 'फूल कोर्ट' बैठकले प्रहरीमा जाहेरी दिने निर्णय गरेको हो। जेनजी आन्दोलनका क्रममा गएको भदौ २४ गते देशभरि भएको तोडफोड, आगजनी तथा लुटपाटका घटनाबारे जाहेरी दिने तयारी अन्तिम चरणमा पुगेको सर्वोच्च प्रशासनले जनाएको छ।

क्षति भएका अदालतहरूले आफ्नो क्षेत्रको प्रहरीलाई जाहेरी दिनेछन्। ठूलो समूहमा मानिसहरू संलग्न भएकाले जाहेरीमै व्यक्तिलाई किटान नगरे पनि प्रमाणका रूपमा तस्वीर र भिडियो फुटेजलगायत पेश गरिने सर्वोच्चले जनाएको छ। सर्वोच्च अदालतका अनुसार सर्वोच्चसहित देशभरिका २३ वटा अदालतमा क्षति पुगेको छ। भौतिक संरचनामा क्षतिसहित ठूलो संख्यामा अभिलेख तथा मुद्दाका मिसिलहरू जलेर नष्ट भएका छन्। महान्यायाधिवक्ताको कार्यालयले भने आगजनी तथा तोडफोडमा संलग्न भएकाहरूमाथि कारबाही माग गर्दै प्रहरीमा जाहेरी दिइसकेको जानकारी दिएको छ।

# युवालाई राहत दिइने कार्यक्रम आउँछ : मन्त्री गुप्ता

**जीवछ यादव**

लहान, ११ कार्तिक। युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ताले युवालाई राहत हुनेगरी कार्यक्रम ल्याइने बताउनु भएको छ। मन्त्रीमा नियुक्त भएपछि आफ्नो गृहगाउँ लहान–२३, गढा छठ पर्व मनाउन आउनु भएको मन्त्री गुप्ताले आज मङ्गलबार पत्रकारहरूसँग कुराकानी गर्दै युवाहरूको चाहना र भावनाको प्रतिनिधित्व गर्न युवा तथा खेलकुदमन्त्रीको जिम्मेबारी पाएको बताउनुभयो।

"छठ पर्व सकिएपछि सरकारले हरेक क्षेत्रमा राहत महसुस हुने गरी कार्यक्रम त आउँछ नै। आफू युवा तथा खेलकुदमन्त्रीको हैसियतमा युवाहरूको समस्या र मागलाई सम्बोधन गर्ने गरी कार्यक्रम ल्याउन संयन्त्र बनाउन लागेका छौँ",उहाँले भन्नुभयो।

सरकारमा युवाहरूको नेतृत्व गर्दै युवा तथा खेलकुद मन्त्रालयको जिम्मेबारी पाएकोले



खेलकुद त प्राथमिकतामा भएपनि युवाहरूको मागलाई सम्बोधन गर्न पनि त्यतिकै आवश्यक्ता रहेको मन्त्री गुप्ताले प्रष्टयाउनुभयो।

हरेक निकायमा देखिएको भ्रष्टाचार नियणत्रण गरेर सुशासनको प्रत्याभुति दिलाउन र चुनावको वातावरण बनाउन सरकारले काम गरिरहेको उहाँले भन्दै अवसरभन्दा पनि चुनौती अगाडि रहेकोले त्यस्ता चुनौतीहरूको सामना गर्न पनि यो सरकार सक्षम रहेको प्रष्टयाउनुभयो।

फागुन २१ गते चुनाव गराउन सरकारले वातावरण के के काम थालेको प्रश्नको जिज्ञासामा मन्त्री गुप्ताले भन्नुभयो,"पुरानै संसदको चुनाव गराउन जेनजी पुस्ताले आन्दोलन गरेको छैन। भ्रष्टाचार अन्त्य गर्न र कार्यकारी प्रमुखको निर्वाचन गर्नुपर्ने युवाहरूको दबाब रहेकेकोले संविधान संशोधन गरेर भएपनि युवाहरूको माग पूरा गराउने गरी सरकारले काम गर्न काम गरिरहेको छ।"

युवा तथा खेलकुद मन्त्रालय शिक्षा स्वास्थ्य र रोजगारीसँग समेत जोडिएकोले स्वदेशमा नै रोजगारी सृजना गर्ने, शिक्षा र स्वास्थ्यमा देखिएको विकृति र अनियमिततालाई अन्तय गर्ने र भ्रष्टाचारीहरूले उन्मुक्ति नपाउने मन्त्री गुप्ताले विश्वास व्यक्त गर्नुभयो। मन्त्री गुप्ता आज दिनभरी विभिन्न कार्यक्रमहरूमा सहभागी भई युवाहरूको भावना बुझ्ने र अग्रजहरूको सललाह सुझाव ग्रहण गर्ने कार्यक्रम रहेको उहाँले बताउनुभयो।

# उदाउँदो सूर्यलाई अर्घ्य दिएसँगै छठ पर्व विधिवत् सम्पन्न



सिरहा, ११ कार्तिक। सूर्यदेवको श्रद्धा भक्तिपूर्वक पूजा आराधना गरी मनाइने छठपर्व आज बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएपछि सम्पन्न भएको छ। कात्तिक शुक्ल चौथी देखि सप्तमीसम्म विभिन्न विधिपूर्वक मनाइने छठ पर्वको पहिलो दिन व्रतालुहरूले व्रत संकल्प गरी स्नान गरेर चोखो नितो खाएका थिए। पहिलो दिनको यो विधिलाई स्थानीय बोलीचालीको भाषामा 'नहाय–खाय' भनिन्छ।

मूलतः सूर्यदेवको उपासना गरिने छठ पर्वको दोस्रो दिन पञ्चमी तिथिमा व्रतालुले दिनभरी निराहार व्रत बसी राति सख्खरमा पकाइएको खीर मात्र खाएर 'खरना' विधि गरेका थिए। त्यस्तै, षष्टि तिथिको दिन अर्थात आइतबार सन्ध्याकालीन र आज सोमबार प्रभातकालीन सूर्यको अर्घ दिएपछि चार दिवसीय छठ पर्व विधिवत् रूपमा समापन भएको छ।

छठ पर्वका लागि पूजा सामग्री र नैवेद्य तयार गर्दा अत्यन्त सावधानीका साथ ख्याल गर्नु पर्छ। यस पर्वमा ढिकी–जाँतोमा परम्परागत तरिकाले कुटिएको र पिसिएको गहु तथा चामलको पीठोबाट बनाइएका ठकुवा, भुसुवा, मिष्टान्न परिकार, माटोको भाडामा जमाइएको दही, उखु, मौसम अनुसारका फलफूल, कोसिया कुरवार लगायतका पूजा सामग्रीहरूले सूर्यलाई अर्घ्य दिने प्रचलन रहेको छ।

निर्धनता र निःसन्तानबाट मुक्ति पाउन एवम् मानव जातिको उत्थान गर्न र आरोग्यका लागि यो पर्व मनाउने गरिएको जनविश्वास रहेको छ। सूर्यको आराधनाबाट चर्मरोग निको हुने, सन्तान र धनलाभ हुने जनविश्वास छ। आरोग्य र दीर्घायुसँग जोडिएको छठ पर्व मनाउनुको पछाडि धार्मिक मान्यतासँगै वैज्ञानिक र ज्योतिषसम्बन्धी तथ्यहरू पनि पाइन्छ।

सुरुमा तराइवासीले मात्र मनाउने यो पर्व अब अन्य जाति एवं राजधानी लगायत पहाडमा पनि मनाउन थालेका छन्। यस वर्षको छठ शान्तिपूर्ण र सैहार्दपुर्ण रूपमा सम्पन्न भएको जिल्ला प्रहरी कार्यालय सिराहाले जनाएको छ। पर्वलाई लक्षित गरेर विशेष सुरक्षा व्यवस्था सिराहामा ९सय ५० जना प्रहरी खटाइएको थियो।

पर्वका वेला महिलामाथि हुन सक्ने दुर्व्यवहार र लुटपाटका घटनालाई ध्यानमा राख्दै प्रत्येक छठ घाटहरूमा प्रहरी परिचालन थियो। सिराहामा करिब एक सय ६४ स्थानमा छठका घाटहरू रहेकाले ती सबै ठाउँमा प्रहरी परिचालन गरिएका जिल्ला प्रहरी कार्यालय सिराहाका प्रहरी प्रमुख एसपी अनन्त राम शर्माले जानकारी दिए।

# कुस्ती खेलको संरक्षण र स्थानीय खेलाडीहरूलाई प्रोत्साहित गर्नुपर्छ : पूर्वमन्त्री यादव



पर्सा, ११ कार्तिक। जनता समाजवादी पार्टीका उपमहासचिव तथा पूर्व खानेपानीमन्त्री प्रदीप यादवले परम्परागत खेल विशेष गरी कुस्ती (दंगल) खेललाई संरक्षण र प्रवर्द्धन गर्न सबै तहबाट ठोस पहल गर्नुपर्ने बताएका छन्। वीरगञ्ज महानगरपालिका–१६ इनर्वामा दीपावली तथा छठ पर्वको अवसरमा आयोजित 'विराट कुस्ती प्रतियोगिता–२०८२' को उद्राटन गर्दै यादवले नेपालको मौलिक खेलकुद संस्कृति हराउँदै गएको परिवेशमा यस्ता प्रतियोगिताले स्थानीय पहिचान र परम्परालाई जोगाउन महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरे।

'कुस्ती हाम्रो इतिहास, संस्कार र शारीरिक क्षमताको प्रतीक हो। यसले युवामा अनुशासन, साहस, आत्मविश्वास र खेल भावनाको विकास गराउँछ' पूर्वमन्त्री यादवले भने,'यस्ता खेललाई संरक्षण गर्नु भनेको हाम्रो मौलिक संस्कृति र पहिचानलाई जोगाउनु हो।' पूर्वमन्त्री यादवले स्थानीय तह, जनप्रतिनिधि, खेलकुद संघसंस्था र समुदायबिच सहकार्यको आवश्यकता औँल्याउँदै स्थानीय खेलाडीहरूलाई उचित अवसर, प्रशिक्षण र प्रोत्साहन प्रदान गर्न सकेमात्र नेपालले अन्तर्राष्ट्रिय स्तरमा पनि कुस्तीमा उल्लेखनीय सफलता हासिल गर्न सक्ने बताए।

# डुबेर एकको मृत्यु

सप्तरी, ११ कार्तिक। सप्तरीको कञ्चनरुप नगरपालिकाम मङ्गलबार डुबेर एक पुरुषको मृत्यु भएको छ। नगरपालिकाको वडा नम्बर ८ स्थित डिठा पोखरीमा छठ मनाउने बेलामा गएका सोही नगरपालिका वडा नम्बर ९ निवासी ५० वर्षीय सुर्जा भनिने सुरज राममने पोखरीमा डुबेर मृत्यु भएको हो। राम मादक पदार्थ सेवन गरी पोखरीमा पौडी खेल्ने क्रममा बेपत्ता भई डुबेर मृत्यु भएको इलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायव उपरीक्षक माधव प्रसाद काप्लेले जानकारी दिनुभयो।










मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)